नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १५० २०७७ साल पुस २८ गते मंगलबार (12 Jan. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***



**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



*यस अंक भित्र :* २ पृष्ठमा : विज्ञापन बजार व्यवस्थित ... ३ पृष्ठमा : थन्किएको सवारीसाधन ... ३ पृष्ठमा : भारतमा कोरोना खोपको ...


# राजावादी र हिन्दुवादी समर्थकहरुद्वारा प्रदर्शन





संगठनले प्रदर्शनको आयोजना गर्न लाग्दा स्थानिय संयुक्त विद्यार्थी संगठनले उनीहरुको ब्यानरमा आगो लगाई कार्यक्रम बिथोलिदिएकोमा सोमबार भने कसैले पनि अवरुद्ध पुऱ्याएनन् ।

**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

राजावादी तथा हिन्दु राष्ट्र समर्थकहरुले पृथ्वी जयन्तिको अवसर पारेर सोमबार राजविराजमा छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरेका छन् ।

२०४७ को संविधान, हाम्रो अभियान नामक संगठनले स्थानिय शिव मन्दिरमा आमसभाको आयोजना गरेको छ । सो कार्यक्रममा स्व. पृथ्वी नारायण शाहको योगदान बारे चर्चा गर्दै हिन्दु राष्ट्रसहित राजतन्त्र पुर्नस्थापनाको माग गरिएको छ ।

उक्त संगठनका अध्यक्ष किशोरी महतोले मुलुकको अवस्था अत्यन्त गम्भिर रहेको भन्दै निकासका लागि राजतन्त्र पुर्नस्थापना र हिन्दु राष्ट्र कायम गर्नु आवश्यक रहेको बताए । स्थानिय राजरंगशालाबाट निस्केको जुलुसमा गाउँगाउँबाट ठूलो संख्यामा सहभागिहरु आएका थिए ।

त्यस्तै सोमबारै नरसिंह हिन्दु सेना नेपाल सप्तरीले स्व. पृथ्वी नारायण शाहको मूर्ती र बाजागाजासहित राजविराज नगर परिक्रमा गरेको छ ।

यसैगरि राष्ट्रिय प्रजातन्त्र पार्टीले राष्ट्रिय निर्माता पृथ्वी नारायण शाह, हिन्दु राष्ट्र तथा राजतन्त्रको पक्षमा नारा लगाउँदै मोटरसाइकल ऱ्याली निकालेका थिए ।

गत पुस १४ गते राजविराजमा राजापक्षधर मानिएका सप्तरी समाज नामक

# श्रोत नखुलेको रकमसहित एक पक्राउ

लहान, २७ पुस (रासस) ।

स्रोत नखुलेको झण्डै रु ३२ लाख नगदसहित सिरहा प्रहरीले आइतबार एक जनालाई पक्राउ गरेको छ । प्रहरी चौकी लकडीगोठ सिरहाबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा स्रोत नखुलेको रु ३१ लाख ८९ हजार नगदसहित सिरहा नगरपालिका-२२ हक्पारा निवासी ३९ वर्षीय शिवनाथ यादवलाई पक्राउ गरेको हो ।

कपडाको झोलाभित्र सो रकम बोकेर ल्याएको अवस्थामा यादवलाई पक्राउ गरिएको र


*बाँकी दुई पृष्ठमा*



## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
**राजविराज**


# भैंसी चोरी मुद्दाका अभियुक्त २४ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

भैसी चोरी मुद्दामा अदालतबाट कैद र जरिवाना फैसला सुनाइएपछि फरार रहेका एक अभियुक्त २४ वर्षपछि पक्राउ परेका छन् ।

प्रहरीले भैसी चोरी घटनामा संलग्न भई फरार रहेका सप्तरीको कंचनरुप नगरपालिका ४ का लक्षण सरदारलाई पक्राउ गरेको हो ।

सरदारलाई गोप्य सूचनाको आधारमा खटेको प्रहरी टोलीले अघिल्लो दिन आइतबार घरबाटै पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहका अनुसार २०५३ माघ २९ गते सोही वडाका भरतलाल बहरखेरको भैसी चोरेको आरोपमा चोरी मुद्दा अन्तरगत उनीमाथी कारवाही प्रक्रिया अघि बढाइएको थियो ।

सप्तरी जिल्ला अदालतबाट एक महिना कैद र ३७ हजार जरिवाना फैसला सुनाइएपछि सरदार फरार भएका थिए । पक्राउ परेका ५० वर्षिय सरदारलाई अदालतमा उपस्थित गराई आदेसानुसार कैद भुक्तानका लागि राजविराज कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# निर्वाचनसम्बन्धी कार्यक्रम रोक्न नेकपा प्रचण्ड नेपाल समूहको आयोगलाई आग्रह

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ पुस ।**

नेकपा प्रचण्ड नेपाल समूहले निर्वाचनसम्बन्धी कार्यक्रम रोक्न आयोगलाई सोमबार आग्रह गरेको छ । नेकपा अध्यक्षद्वय प्रचण्ड र माधवकुमार नेपाललगायत नेताहरूले आयोग कार्यालय कान्तिपथ पुगेर यस्तो आग्रह गरेका हुन् ।

प्रचण्ड-नेपाल पक्षका नेता कृष्णभक्त पोखरेलले अदालतको फैसलाको निर्क्यौल नभएसम्म निर्वाचन प्रक्रिया अगाडि नबढाउन आग्रह गरिएको बताएका छन् । उनले संसद विघटन गर्न नपाउने संवैधानिक व्यवस्था हुँदाहुँदै संसद विघटन भएको अवस्थामा निर्वाचनसम्बन्धी काम अदालतको फैसला नआउँदासम्म रोक्नुपर्छ भनेर आयोगलाई भनेको बताए । तर, आयोगले प्रचण्ड नेपाल पक्षको आग्रहलाई अस्वीकार गरेको छ ।

यता आयोगको तटस्थतामा शंका नगर्न भन्दै आयोग पदाधिकारीहरूले सरकारले निर्वाचनको मिति तोकेपछि आफूहरूले काम अघि बढाउने बताएका थिए । अदालतले निर्वाचन रोक्न भनेको बेलामा बाहेक निर्वाचनको कार्यक्रम नरोकिनेसमेत आयोग पदाधिकारीहरुले स्पष्ट पारेका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गते प्रतिनिधि सभा विघटन गरी आगामी वैशाख १७ र २७ गते आमनिर्वाचन गर्ने घोषणा गरेका थिए । सरकारको उक्त कदम असंवैधानिक भएको भन्दै सर्वोच्च अदालतमा परेका मुद्दाहरूको सुनुवाइ जारी छ ।





नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# दलहरुको स्वर एकैनासे हुनु आवश्यक

मुलुक अहिले अत्यन्त जटिल मोडमा पुगेको छ। दिनहुँजसो प्रतिनिधिसभा पुर्नस्थापनाको माँगराख्दै प्रदर्शन भइरहेको छ। प्रतिनिधीसभा विघटनसँगै विभिन्न राजनीतिक दलहरु पुर्नस्थापनाको पक्षमा प्रदर्शन गरिरहेका छन्। एकातिर दलहरुको प्रदर्शनसँगै राजावादी पक्षधरहरु समेतले मौकाको फायदा उठाएर राजतन्त्रको वकालत गर्न अघि बढिरहेका छन्। यस्तो अवस्थामा मुलुकको राजनीतिक अस्थिरता अझै बढ्दै गएको छ।

हजारौं बलिदानी स्वरुप स्थापना भएको संघीय गणतान्त्रिक मुलुकको अस्तित्व नै धरापमा पर्नसक्ने खतरा पनि अहिले बढेको छ। यता संसद विघटन बिरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दा सुनुवाईको क्रममा रहेको छ भने निर्वाचन आयोगले नयाँ निर्वाचनको तयारीमा समेत जुटेको छ।

यस्तो अवस्थामा मुलुकमा आइपरेको राजनीतिक अस्थिरतालाई समाप्त पार्न सबै दलहहरुको भूमिका पनि उत्तिकै आवश्यक छ। तसर्थ वर्तमान समस्यालाई समाधान गर्न सबै राजनीतिक दलहरुको स्वर एकैनासे भएमात्र सम्भव हुने देखिन्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विज्ञापन बजार व्यवस्थित गर्नुपर्नेमा जोड

काठमाडौं, २७ पुस (रासस)।

नेपालको सञ्चार क्षेत्रका समग्र विज्ञापनको नीति तर्जुमा गरी नियमन गर्ने उद्देश्यले गठित विज्ञापन बोर्डले आफ्ना गतिविधिलाई तीव्रता दिन थालेको छ।

तोकिएको कार्य प्रभावकारी बनाउन बोर्डले अन्तरक्रियाका साथै आवश्यक विषयमा सुझाव सङ्कलन गर्न थालेको छ। सिंहदरबारमा आइतबार मात्रै बृहत् अन्तरक्रिया आयोजना गरी बोर्डले सञ्चार क्षेत्रका विभिन्न व्यक्तिसँग विज्ञापन बजारलाई व्यवस्थित गर्ने सन्दर्भमा सुझाव लिएको छ। सञ्चार क्षेत्रमा अन्य विज्ञसँग समेत सुझाव लिई त्यसका आधारमा मस्यौदा तयार पारी ऐन कार्यान्वयनको चरणमा अघि बढ्ने बोर्डले जनाएको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङको उपस्थितिमा भएको आइतबारको छलफलमा सञ्चार क्षेत्रका प्रतिनिधिहरुले विज्ञापन बजारलाई व्यवस्थित गर्दै विज्ञापनको समानुपातिक वितरणमा जोड दिनुभएको छ। सहभागीले विज्ञापन उत्पादनको प्रक्रिया, त्यसमा प्रयोग हुने शब्द र कलाकारको प्रस्तुतिलाई व्यवस्थित गर्ने सन्दर्भमा समेत बोर्ड र सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

छलफलमा मन्त्री गुरुङले यहाँ प्राप्त सल्लाह र सुझावका आधारमा तत्कालै विज्ञसँग छलफल गरी अघि बढ्ने मन्त्रालयको योजना रहेको जानकारी दिनुभयो। "बोर्डको कार्य योजना बनेको छ, विभिन्न उपसमितिसमेत गठन भइसकेको छ, विषयगत समितिले सरोकार राख्ने व्यक्तिसँग छलफल गरी अघि बढ्नेछ", मन्त्री गुरुङले भन्नुभयो, "त्यसपछि प्राप्त अधिकार प्रयोग गरी कार्यान्वयनको चरणमा बोर्ड अघि बढ्ने छ।"

छलफलमा अएका सुझावप्रति सङ्केत गर्दै मन्त्री गुरुङले स्थानीय तहसम्म बोर्डलाई लैजानेमा मन्त्रालयको ध्यानाकर्षण भएको जनाउनुभयो। उहाँले त्यसको संरचनालाई नीतिगतरूपमा व्यवस्थित गरेर जानेमा मन्त्रालय सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो। उहाँले प्राप्त सुझावका आधारमा बोर्ड अघि बढ्ने विश्वास दिलाउनुभयो।

मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले विज्ञापन ऐनले दिएको अधिकार प्रयोग गरी विज्ञापन बजारको व्यवस्थापनका लागि प्रारम्भिक कार्यअन्तर्गत आइतबार सुझाव लिइएको बताउनुभयो। उहाँले बोर्ड नयाँ अभ्यासमा रहेकाले कमी कमजोरी सच्याउँदै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

यसअघि छलफलमा सुझाव प्रस्तुत गर्दै सञ्चार उद्यमी भाष्करराज राजकर्णिकारले मिडिया सञ्चालनका लागि विज्ञापन अपरिहार्य भएको र नेपाली उपभोक्ताका लागि नेपाली सञ्चार माध्यमबाटै विज्ञापन जानुपर्नेमा जोड दिनुभयो। उहाँले क्लिन फिडको व्यवस्था पूर्ण कार्यान्वयन गर्दै विज्ञापन बजारलाई गति दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेपाल पत्रकार महासङ्घका महासचिव रमेश विष्टले बोर्डले अफ्ना गतिविधि अघि बढाउँदा श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका विषयलाई भुल्न नहुने सुझाव दिनुभयो। "विज्ञापनको बजार व्यवस्थित गर्दै गर्दा पत्रकारले न्यूनतम तलबसुविधा नपाउने अवस्था छ, यसमा बोर्डको ध्यान जाओस्", विष्टले भन्नुभयो। उहाँले ऐनमा व्यवस्था भएको विज्ञापनको १० प्रतिशत रकम कल्याणकारी कोषमा राख्ने प्रावधान कडाइका साथ कार्यान्वयनमा जोड दिनुभयो।

प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटीले श्रमजीवी पत्रकार तलब नपाएर बीचैमा हात धुनुपर्ने अवस्थाप्रति गम्भीर हुन आग्रह गर्दै अब बन्ने योजनाको दीर्घकालीन असरलाई पनि ध्यानमा राख्न आग्रह गर्नुभयो। प्रेस नेपालका अध्यक्ष केशव अर्यालले विज्ञापनको उत्पादन, वितरण र त्यसको प्रभावको मूल्याङ्कन गरेर उपयुक्त नीति तर्जुमा गर्न बोर्डलाई सुझाव दिनुभयो।

डिश होम मिडिया नेटवर्कका सुदीप आचार्यले क्लिन फिड लागू भएपछि ग्राहक सङ्ख्यामा भारी गिरावट आएको जानकारी गराउँदै राज्यले उचित सम्बोधन नगरे टेलिभिजन उद्योग धराशायी हुने बताउनुभयो।

अग्रज पत्रकार देवप्रकाश त्रिपाठीले विज्ञापन बोर्डसम्बन्धी ऐनले क्लिन फिड र समानुपातिक विज्ञापन प्रणालीलाई विशेष जोड दिएको स्मरण गर्दै त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न सके धेरै लाभ प्राप्त गर्न सकिने सुझाव प्रस्तुत गर्नुभयो। उहाँले भन्नुभयो, "यसलाई प्रभावकारी बनाउँदा सुशासन प्रवर्द्धन हुन्छ, सञ्चार माध्यमले समानुपातिकरूपमा लाभ लिन सक्छन् र भ्रष्टाचारसमेत रोक्न सकिन्छ।" पत्रकार त्रिपाठीले पत्रकारिता क्षेत्रलाई विशेष ध्यान दिन अनुरोध गर्दै विज्ञापन ऐन परिमार्जन गरेर अपुग व्यवस्थालाई पूर्णता दिन सुझाव प्रस्तुत गर्नुभयो।

आदिवासी जनजाति पत्रकार महासङ्घका महासचिव मनोज घर्ती मगरले समानुपातिक विज्ञापन वितरणमा जोड दिँदै मातृभाषामा समेत विज्ञापन उत्पादन गर्न सुझाव दिनुभयो।

विज्ञापन सङ्घका नवनिर्वाचित अध्यक्ष सोम धितालले विज्ञापन बजारलाई व्यवस्थापन गर्न अधिकारप्राप्त प्राधिकरण नै ल्याउनुपर्नेमा जोड दिनुभयो। उहाँले आवश्यकताभन्दा बढी सञ्चार माध्यम स्थापना भइसकेको सन्दर्भ जोड्दै सञ्चार माध्यमले पत्रकार र कर्मचारीलाई कटौती गरिरहेको विषयमा गम्भीर बन्न मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो। उहाँले लोककल्याणकारी विज्ञापन वितरण गर्दा विज्ञापन एजेन्सीको हक हितलाई पनि ध्यानमा राख्न बोर्डलाई सुझाव दिनुभयो।

मधेशी पत्रकार समाजका अध्यक्ष मोहक सिंहले यहाँ उत्पादित विज्ञापन तराई मधेशमा पुग्नै नसकेको जानकारी गराउँदै नेपाली भाषा नबुझ्ने उपभोक्ताका लागि स्थानीय भाषामा विज्ञापन उपलब्ध गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले बोर्डलाई समावेशी बनाउनसमेत सुझाव दिनुभयो।

विज्ञापन बोर्डका अनुसार अहिले राष्ट्रिय विज्ञापन नीति र विज्ञापनको मापदण्ड बनाउनुपर्ने आवश्यकता छ। यस्तै विज्ञापन नियमन, सार्वजनिक हितका विज्ञापनको समानुपातिक वितरण र बोर्डमार्फत विज्ञापन गर्नुपर्ने एकद्वार प्रणालीका विषयलाई व्यवस्थित गर्नुपर्ने टड्कारो आवश्यकता छ।

### श्रोत नखुलेको ...

आवश्यक कारवाहीका लागि बरामद गरिएको नगदसहित यादवलाई सम्पत्ती शुद्धीकरण विभाग हरिहर भवन ललितपुर पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक शालीग्राम शर्माले जानकारी दिनुभयो।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# थन्किएको सवारीसाधन परीक्षण गर्ने उपकरण प्रयोगमा ल्याइँदै

काठमाडौँ, २७ पुस (राससं) ।

नेपालमा अहिलेसम्म सवारीसाधनको जाँच मानिसले (म्यानुअल) गर्दै आएकामा अब उपकरणका माध्यमबाट गरिने भएको छ । टेकुस्थित भेहिकल फिटनेस टेस्ट सेन्टरले झण्डै एक दशक पहिले जडान गरेको उपकरण प्रयोगमा ल्याएर परीक्षण गर्न लागेको हो ।

सरकारले सो उपकरण झण्डै रु तीन करोडमा खरिद गरेको थियो । उपकरण प्रयोगमा आउन नसक्दा थन्किएको थियो भने सवारीसाधनको हेरेर मात्रै परीक्षण हुँदै आएको केन्द्रका प्रमुख मणिराम भुसालले बताउनुभयो । उहाँकाअनुसार उपकरण प्रयोगमा ल्याउनका लागि केही समय पहिले निर्माण कम्पनीसँग छलफल गरिएको थियो ।

निर्माण कम्पनीका प्रतिनिधि केही महिना पहिले बोलाइएको सेन्टरका प्रमुख भुसालले बताउनुभयो । उहाँका अनुसार चिनियाँ निर्माण कम्पनीका मुख्य इञ्जिनीयरलगायतको टोलीले उपकरणको अवस्था हेरेर मर्मत गर्न सकिने सल्लाह दिएको थियो । "टोङ्ली इक्युपमेन्ट प्रालिका प्राविधिकले सेन्सरलगायतका कतिपय मेकानिकल सामान फेर्नुपर्छ भनेको थियो", उहाँले भन्नुभयो, "काम लाग्ने सामान राखेर काम नगर्ने साना भाग फेरेर सञ्चालनमा ल्याइनेछ ।"

निर्माण कम्पनीकै सल्लाहअनुसार मर्मतका लागि ठेक्का सम्झौता गरिएको उहाँले बताउनुभयो । "सेन्टरले आगामी दुई तीन महिनामा चलाउने योजनाका साथ काम अघि बढाएको छ, सो मर्मतका लागि रु ४८ लाखमा ठेक्का सम्झौता भएको छ", उहाँले भन्नुभयो । स्थानीय निर्माण कम्पनीले निर्माण कम्पनीसँगको समन्वयमा काम गर्ने उहाँले जानकारी दिनुभयो । भुसालले भन्नुभयो, "निर्माण कम्पनीले साना-साना काम गर्दैन, त्यसैले नेपाली कम्पनीले सामान्य मर्मत गर्छ भने मुख्य काम निर्माण कम्पनीले गर्नेछ ।"

उपकरणबाटै सवारीसाधनको स्वस्थता परीक्षणका लागि सरकारले आव २०६६/६७ को बजेटमा गरेको व्यवस्थानुसार विसं २०६८ मा सवारीसाधनको अवस्था परीक्षण गर्ने उपकरण खरिद गरेको थियो । सेन्टरमा ठूला र साना सवारी साधनका लागि छुट्टाछुट्टै लेन रहेका छन् । कुनै पनि सवारीसाधन लेनमा प्रवेश गरेपछि त्यसको कुन-कुन भागको अवस्था कस्तो छ भनी कम्प्युटरमा नै देखिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "मर्मतपछि दुवै लेन सञ्चालनमा आउने छन् ।"

प्रमुख भुसालका अनुसार उपकरण जडान भएर लामो समयसम्म थन्किएकाले विभिन्न पार्ट र कम्प्युटरमा समस्या आएको छ । उपकरण निर्माण गर्ने कम्पनीलाई खरीद गर्ने ठेकेदार कम्पनीले पूरै रकम नदिएकाले हस्तान्तरण नै भएको नभएको बताइएको छ । त्यतिबेला फिनिसिङको काम र सफ्टवेयरको काम नगरी निर्माण कम्पनीले छाडेको सेन्टरले जनाएको छ ।

मान्छेले हेरेर गरिने परीक्षण भरपर्दो नहुने भएकाले वैज्ञानिक रूपमा परीक्षण गर्न उपकरण प्रयोगमा ल्याउन खोजिएको सेन्टरका प्रमुख भुसालले बताउनुभयो । सवारीसाधनको छ/छ महिनामा जाँचपास हुने गरे पनि अहिलेसम्म परीक्षण झारो टार्ने किसिमको मात्रै रहेको छ । आँखाले हेरेर जाँच गरिँदा सवारीसाधनको वास्तविक अवस्था जानकारी नहुने प्रमुख भुषालको भनाइ छ ।

सो उपकरण सञ्चालनमा आएपछि साना र ठूला दुवै खालका सवारीसाधन आ-आफ्नो लेनमा एउटाबाट छिरेर अर्को दिशाबाट निस्कँदा कम्प्युटरमा नै कुनकुन भागको अवस्था कस्तो छ भनी जानकारी पाइनेछ । सवारीसाधन पास भए उसले प्रमाणपत्र पाउने र फेल भएमा पुनःमर्मत गरेर ल्याएर अवस्था ठिक भएपछि मात्रै प्रमाणपत्र पाउने सेन्टरले जनाएको छ ।

सो उपकरण प्रयोगमा आएपछि ब्रेक रोलर, सस्पेन्सन, साइट क्लिक, हर्न, लाइटलगायतका कुरा परीक्षण हुनेछ । अगाडि र पछाडिको पाङ्ग्रामा कति भार हुनुपर्ने, सवारीको क्षमतानुसार भार बोक्दा ब्रेकले काम गर्छ वा गर्दैन, प्राविधिक जाँच, सस्पेन्सन (पाङ्ग्राको साइड स्लिप), हर्नको अवस्था, हेडलाइटलगायतको समेत यसमा परीक्षण हुनेछ । हलुका सवारीलाई उचालेर माथिल्लो भागमा पुऱ्याएर र गह्रौँ सवारीसाधन भइरहेकै स्थानमा तल्लोतलामा प्राविधिक गएर च्यासिसलगायतका भाग हेर्ने गर्छन् ।

संविधानले यातायात व्यवस्थापनको जिम्मेवारी स्थानीय तह, प्रदेश र सङ्घीय सरकार गरी तीनै तहलाई दिएको छ । पालिकाभित्र चल्ने सवारीसाधन व्यवस्थापनको जिम्मेवारी सम्बन्धित पालिका, अन्तरपालिका चल्ने सवारीसाधनको प्रदेश सरकार र अन्तरप्रदेश चल्ने सवारीसाधन व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारको हो । सेन्टरलाई अन्तरप्रदेश चल्ने गाडीको जाँचपास, स्तर कायम, प्रदूषण जाँच र रुट अनुमतिसमेतको जिम्मेवारी दिइएको छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### भारतमा कोरोना खोपको तयारी, शुरुमा ३० करोडलाई खोप दिइने

नयाँ दिल्ली, २७ पुस (रासस-एएफपी) ।

भारतले कोरोनाभाइरस विरुद्धको खोप यही शनिबारदेखि आम सर्वसाधारणलाई प्रदान गर्न थाल्ने जनाएको छ । सुरक्षा चिन्ता, कमजोर पूर्वाधार र आम जनतामा रहेको सन्देहबीच झण्डै एक अर्ब ३० करोड जनतालाई खोप दिने कार्य निकै जटिल हुनेछ । त्यहीकारण पहिलो प्राथमिकतामा राखेर सरकारले जुलाईसम्ममा करिब ३० करोड मानिसलाई खोप दिने तयारी शुरु गरेको छ । भारत विश्वमै सबैभन्दा बढी जनसंख्या भएको दोस्रो मुलुक हो । भारतमा भन्दा चीनको जनसंख्या बढी छ । खोपका लागि ७०० जिल्लामा करिब एक लाख ५० हजार कर्मचारी परिचालन गरिएको छ । उनीहरुले तालिम समेतका आवश्यक जानकारी दिइएको छ ।

भारतले आपतकालीन प्रयोगका लागि भन्दै पहिलो चरणमा तीन करोड स्वास्थ्यकर्मी तथा ५० वर्ष वा सोभन्दा बढी उमेरका व्यक्ति तथा स्वास्थ्य जोखिममा रहेका २७ करोड व्यक्तिलाई खोप दिने तयारी गरेको छ । अधिकारीहरुले पोलियो र अर्बुद रोगसम्बन्धी बालबालिकालाई नियमित खोप दिइरहेकाले कोभिड-१९ विरुद्धको खोप लगाउन त्यति समस्या नहुने बताएका छन् । राष्ट्रिय खोप इन्स्टिच्यूटका सत्यजित राठले बालबालिकालाई खोप लगाउनुभन्दा कोभिड-१९ विरुद्धको खोप लगाउनु निकै जटिल र चुनौतीपूर्ण रहेको बताउनुभयो । भारतले प्रयोगमा ल्याउन लागेका खोपहरुमा अस्ट्राजेनिकाले स्थानीय साझेदारी सेरम इन्स्टिच्यूटसँग मिलेर तयार पारेको कोभिसिल्ड र भारत बायोटेकले विकास गरेको कोभ्याक्सिन रहेका छन् । यी दुबै खोपलाई चिसो ठाउँमा राख्नुपर्ने हुन्छ ।

सरकारले २९ हजार चिस्यान विन्दुहरु, २४० वटा कुलर, ७० वटा फ्रिजर, ४५ हजार रेफ्रिजेरेटर, ४१ हजार डिपफ्रिज र ३०० वटा सोलार रेफ्रिजेरेटरको व्यवस्था गरेको छ । कोरोनाभाइरसको संक्रमणबाट एक लाख ५० हजारभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ । कोरोनाभाइरसका कारण भारत विश्वमै आर्थिक रुपमा सबैभन्दा बढी प्रभावित भएको छ, र लाखौं मानिसले आफ्नो रोजगारी गुमाएका छन् । हालै भारतका १८ हजार व्यक्तिमा गरिएको सर्वेक्षणमा झण्डै ६९ प्रतिशतले कोभिड-१९ को खोप लिन आफूहरुलाई हतारो नभएको बताएका थिए । सेरम इन्स्टिच्यूटले भारतमा आफूले उत्पादन गरेको खोप व्यक्ति र संस्थालाई पनि बेच्ने गरी अनुमति पाएको छ । सेरमको खोप भारतमा भारु १००० तोकिएको छ ।

### विश्व स्वास्थ्य संगठनका विज्ञलाई चीनमा आमन्त्रण

बेइजिङ, २७ पुस (रासस-एएफपी) ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का दश जना वैज्ञानिकहरु कोभिड-१९ को उत्पत्तिका बारेमा अनुसन्धान गर्न बिहीबार चीन आइपुग्ने भएका छन् । चीनले कोरोनाभाइरसको अन्तर्राष्ट्रिय अनुसन्धान रोक्न खोजेको आरोप लागिरहेका बेला कोरोना महामारी फैलिएको एक वर्षपछि डब्लुएचओका वैज्ञानिकलाई चीन भ्रमणको अनुमति दिएको हो । कोरोनाभाइरसको संक्रमणबाट विश्वलाई नै अत्याइरहेको अवस्थामा यसको अनुसन्धानका लागि चीनको अनुमतिको ठूलो राजनीतिक महत्व रहेको छ । कोभिड-१९ बाट हालसम्म २० लाखको हाराहारीका व्यक्तिको मृत्यु भइसकेको छ भने विश्व अर्थतन्त्रलाई तहसनहस बनाएको छ । चीनको राष्ट्रिय स्वास्थ्य आयोगले जारी गरेको विज्ञप्तिमा डब्लुएचओको टोलीले चिनियाँ वैज्ञानिकहरुसँग मिलेर कोभिड-१९ को उत्पत्तिका बारेमा संयुक्त अनुसन्धान गर्ने जनाइएको छ ।

यसै महिनाको शुरुमा पनि यस मिसनका बारेमा चीन र डब्लुएचओबीच असमझदारी उत्पन्न भएको थियो । डब्लुएचओका महानिर्देशक टेड्रोस अधानोम घेब्रेससले चीनले आफ्ना वैज्ञानिक टोलीको प्रवेशमा अबरोध गरेकामा आपत्ति जनाउनु भएको थियो । चीनको विदेश मन्त्रालयका प्रवक्ता हुवा चनयिङले आफूहरुलाई डब्लुएचओको टोलीको भ्रमणप्रति कुनै आपत्ति नरहेको जनाउँदै पछिल्लो समय उत्पन्न गतिरोध "असमझदारी"का कारण मात्र भएको स्पष्ट गर्नु भएको छ । डब्लुएचओका विज्ञहरुले चीनमा दुई साता क्वारेन्टिनमा बस्नु पर्नेछ । उनीहरुले सन् २०१९ को अन्त्यतिर पहिलो पटक कोभिड-१९ देखिएको उहान शहरको पनि भ्रमण गर्नेछन् । संयुक्तराज्य अमेरिका र अस्ट्रेलियाले भाइरसको उत्पत्तिका बारेमा स्वतन्त्र अनुसन्धान हुनुपर्ने माग गर्दै आएका छन् । बेइजिङमाथि पारदर्शिताको प्रश्न उठाएर अन्तर्राष्ट्रिय स्तरबाटै आलोचना भइरहेको छ, तर देशभित्र कोरोनाभाइरसको संक्रमण रोक्न चीन सरकारले आफूले गरेको प्रयत्नको प्रशंसा गरेको छ ।

### संक्रमितको संख्या एक करोड चार लाख ६६ हजार भन्दा बढी

नयाँदिल्ली, २७ पुस (रासस/सिन्ह्वा) ।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या सोमबारसम्म एक करोड चार लाख ६६ हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा १६ हजार ३११ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड चार लाख ६६ हजार ५९५ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार बिहान जनाएको छ । गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण १६१ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५१ हजार ३११ जना पुगेको छ । मन्त्रालयको पछिल्लो विवरणमा एक करोड ९२ हजार ८५९ व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा दुई लाख २२ हजार ५२६ सक्रिय सङ्क्रमित रहेका छन् ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा आइतबार ३९९ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र १२ जनाको मृत्यु भएको छ । भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ६०० भन्दा बढीको मृत्यु भइसकेको छ । यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर १८ करोड १७ लाख ५५ को हाराहारीमा नमूना परीक्षण गरेको छ । हिजो आइतबार एक दिनमा छ लाख ५९ हजार २०९ जनाको कोभिड-१९ परीक्षण गरेको छ ।

# पाँच लाखको अक्षय कोष सञ्चालनमा

धनुषा, २७ पुस (रासस)।

जनकपुरधाम उपमहानगरपालिकाले जनकपुरका पत्रकार उमा सिंहको १२औं स्मृति दिवस मनाएको छ। कार्यक्रममा उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहले जनकपुरधामले एक निडर पत्रकार गुमाएको बताउँदै उहाँका नाममा पत्रकारका लागि गत वर्ष घोषित रु पाँच लाखको अक्षय कोष यस वर्षदेखि विधिवत् रुपमा सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो।

उहाँका अनुसार सो अक्षय कोषबाट पत्रकारिता क्षेत्रमा उत्कृष्ट योगदान दिने पत्रकारलाई पुरस्कृत गरिने छ। आमा सुशीलासँगै बस्दै आउनुभएका सिंहको २०६५ सालमा आजकै दिन राति करीब ८ बजे जनकपुरको रजौलस्थित डेरामा हत्या गरिएको थियो।

# शिक्षक, अभिभावक र बिद्यार्थीबीच अन्तरक्रिया



**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले शिक्षाको अधिकारबारे सोमबार राजविराजमा अन्तरक्रिया सम्पन्न गरेको छ। शिक्षक, अभिभावक र बिद्यार्थीहरुसँगै बसेर शिक्षाको अधिकार र समस्याबारे अन्तरक्रिया सम्पन्न गरेको हो।

नगरस्तरीय मानवअधिकार समूहको सहकार्यमा आयोजित अन्तरक्रिया कार्यक्रममा पब्लिक बिन्देश्वरी माध्यमिक बिद्यालयका सहप्रधानाध्यापक मोहन मिश्रले विद्यार्थीको चाप बढ्दै गएको र अनुशासन कमजोर हुँदै गएकाले विद्यालयमा शैक्षिक वातावरण सहज बनाउन अभिभावक, शिक्षक, बिद्यार्थीका साथै सरोकारवाला निकाय गम्भिर भएर लाग्नुपर्ने बताएका छन्।

कार्यक्रममा महिला शिक्षक निता यादवले स्वास्थ्य सुरक्षा अपनाउँदै बेञ्चमा २ जना बिद्यार्थी राखेर पढाउन सुरु गरिएकोमा बिद्यार्थी संख्या बढ्दै गएपछि ५ जनासम्म राखेर पढाउनु पर्ने अवस्था आएको बताए।

अभिभावक बशिष्टनारायण झाले सरकारले महत्व र सुविधा दिएपछि सामुदायिक बिद्यालयतर्फ आर्कषण बढदै गएको तर शिक्षा समन्वय इकाई र स्थानीय तहको ध्यान पुग्न नसकेको बताए।

बिद्यार्थी पुनम भगतले पुरै घण्टी कक्षा हुन नसकेकोले परीक्षाको तयारीमा अवरोध भएको र प्रयोगात्मक कक्षा नहुने गरेको गुनासो पोखिन्।

कार्यक्रमका प्रमुख अतिथी इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेलले एक पक्षको अधिकारसँगै अर्को पक्षको कर्तव्य जोडिएकाले अधिकारसँगै जिम्मेवारी निर्वाहप्रति सबै जना गम्भिर बन्नु पर्ने बताए। शिक्षक, अभिभावक र बिद्यार्थीले पालना गर्नुपर्ने नियम बनाउन र समय-समयमा अन्तक्रिया गर्न उनले सुझाव दिए।

मानव अधिकार निगरानी समूहका संयोजक रघुबर साहको अध्यक्षतामा आयोजित कार्यक्रममा पत्रकार दिनानाथ यादव, शिक्षक गिरीराज पौडेल, अभिभावक रामअवतार मण्डल, बिद्यार्थीहरु राधाकुमारी यादव, राकेश यादव, बिरेन्द्र यादवलगायतले समस्याबारे जानकारी गराएका थिए।


## योग्य सेवा प्रदायकहरुको सुचिकरणका लागि आशयपत्र आव्हान सम्बन्धि सुचना

सेभ द सप्तरी एक गैर सरकारी, मुनाफारहीत तथा बालबालिकाको लागि तथा दीर्घकालीन सकारात्मक परिवर्तनका लागि सप्तरी जिल्लामा काम गर्ने एउटा राष्ट्रिय गैर सरकारी संस्था हो। सेभ द सप्तरीले आफ्नो कार्य क्षेत्रमा तपसिल बमोजिमका आवश्यक विभिन्न सर सामग्री तथा सेवाका लागि योग्यता हासिल गरेका सेवा प्रदायकहरुको सुचिकरण गर्नु पर्ने भएकोले सो प्रकृयाको लागि यो आशयपत्र आव्हान गरिएको छ।

**आवश्यक सामग्री तथा सेवाहरुको वर्गीकरण :**

| | | | |
|---|---|---|---|
| १ | कार्यालय मसलन्द स्टेश्नरी, खेलकुद तथा अन्य विविध सामग्रीहरु | १० | होटल सेवा, ट्रेनिङ्ग हल तथा लज |
| २. | फर्निचर तथा फर्निसिंग सम्बन्धि सामग्रीहरु | ११. | इन्धन आपुर्ति |
| ३. | कम्प्युटर, सर्भर, प्रिन्टर, तथा अन्य आइ.टी./सुचना प्रविधि सामग्रीहरु | १२. | सवारी साधन तथा भाडा सम्बन्धि सेवा - मारुती, स्कोरपिओ, बोलेरो, बस, ट्रेक्टर, कार, जीप ...) |
| ४. | छपाई, फोटोकपी, फ्लेक्स प्रिन्ट तथा अन्य छपाई सम्बन्धि सामग्रीहरु | १३. | विज्ञापन, श्रव्य तथा दृश्य सामग्री उत्पादन तथा प्रशारण |
| ५. | हार्डवेयर सामग्री आपुर्ति | १४. | कुरियर सेवा |
| ६. | विद्युतीय सेवा तथा विद्युतीय सामग्रीहरु | १५ | ट्रेनर, प्रतिवेदक, प्रस्ताव लेखन तथा परार्मश सेवा |
| ७. | सवारी साधन विक्री, अतिरीक्त पार्टपूर्जा, मरम्त संभार | १६. | औषधीय तथा स्वस्थय एवं सरसफाई सम्बन्धि सामाग्री। |
| ८. | बिउ बिजन, मलखाद्य तथा कृषिजन्य उपकरण | १७. | किराना सामग्रीहरु |
| ९. | टेन्ट तथा डेकोरेशन | | |

योग्यता हासिल गरेका सरोकारवाला सेवा प्रदायकहरुले आफ्नो सेवा प्रदायकहरुको सुचिकरणका लागि तोकिएको पुर्व योग्यता निर्धारण फारम भरी आशयपत्रका साथ आवश्यक कागजपत्रहरु समेत संलग्न राखि १३ माघ २०७७ भित्र कार्यालयको समय अनुसार सेभ द सप्तरी, राजविराज-७ (जि.वि.स.को उत्तरपट्टीको गेटमा) पठाउन हुन अनुरोध छ। पुर्व योग्यता निर्धारण फाराम यस कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ।

**सेभ द सप्तरी, राजविराज-७, सप्तरी (जि.वि.स.को उत्तरपट्टीको गेटमा)**
**फोन नं. ०३१-५२०९४२, ९८०१५२२८०१, ९८०१५२४४९५**
**ईमेल : savethesaptari14@gmail.com**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*